# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४८ | काठमाडौं | शुक्रबार, ०२ असोज २०८३ | Prabhab National Daily | Friday, 18 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


रोचक मोडमा कांग्रेस विवाद

## देउवा समूहका १५ नेता सानेपा पुग्दा खड्का र शेखरले भने : महाधिवेशन रोकौं



अब हामीले छुट्टाछुट्टै महाधिवेशन गर्नुपर्ने कुनै कारण वा अवस्था छैन । सबैलाई एकै ठाउँमा जोडेर महाधिवेशन सम्पन्न गरौं । पार्टीको जिम्मेवारीमा रहेकाले सबैलाई समेटेर अघि बढ्न मेरो तर्फबाट गर्नुपर्ने जुनसुकै पहल र आवश्यक लचकता अपनाउन म तयार छु

**गगन थापा**
सभापति, नेपाली कांग्रेस



असोज ३ गतेदेखि प्रारम्भ गर्ने गरि घोषणा गरेको १५ औ अधिवेशनको कार्यतालिका स्थगन गरि केही समयको लागि सार्नुस् । १४ औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाज्यु अनि अग्रज नेतासँग वार्ता-संवाद तत्काल प्रारम्भ गर्नुस्

**पूर्णबहादुर खड्का**
पूर्व उपसभापति



मेरो पीडा कांग्रेसको आसन्न घोषित दुई महाधिवेशनबाट यो देशको राष्ट्रियता र लोकतान्त्रिक आन्दोलनमा पर्ने आघात हो । यो रोकौं, एउटा मध्यमार्गी र विवेकपूर्ण समझदारीको बाटो खोजौं । मलाई थाहा छ मध्यमार्ग कठिन मार्ग हो

**डा शेखर कोइराला**
नेता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वडा महाधिवेशनको पूर्वसन्ध्यामा कांग्रेस विवाद रोचक मुडमा पुगेको छ । शनिबारबाट संस्थापन पक्षले रसुवा, नुवाकोट, धादिङबाहेक अधिकांश वडामा अधिवेशन गर्न लाग्दा इतर पक्षका नेताहरू सानेपामा पुगेका छन् ।

पूर्व सभापति शेरबहादुर देउवा पक्षका ती नेताहरू अधिवेशन रोक्न नभई मुलधारमा समाहित हुन पुगेको बताइएको छ । बिहीबार ३१ जना नेता आउने भनिए पनि महालक्ष्मी उपाध्याय डिना, श्याम घिमिरे, रामहरि खतिवडा, मीनबहादुर विश्वकर्मा, ज्ञानेन्द्र कार्की, नैनसिंह महर, जीवनबहादुर शाही, सुशीला थिङ, गोविन्द भट्टराईमात्र पुगे । त्यसैगरी देवेन्द्रराज कँडेल, राजीवविक्रम शाह, मदनकृष्ण श्रेष्ठ, राधा घले, जिपछिरिङ लामा, इश्वरी न्यौपाने, सरस्वती तिवारी, शान्ति बिक परियार, गणेश लामा पनि सानेपा पुगे ।

इतर पक्षका नेता आउन संस्थापन खुसी भए पनि कम संख्यामा देखिँदा भने खिन्न थिए । किन सबै नेता आइपुगेनन् ? जवाफमा देउवा पक्षबाट प्रचार विभागको संयोजकसमेत बनेका विश्वकर्माले भने, 'अरू पनि चाँडै आउनुहुन्छ । हामीले राखेका सर्तहरू केही पूरा हुँदैछन्, केही प्रक्रियामा छन् ।' विश्वकर्माले देउवा सर्वोच्च नेता भएकोसमेत दाबी गरे ।

### महाधिवेशन रोक्न मध्यमार्गी प्रस्ताव

पार्टी विभाजन रोक्न भन्दै लागेका मध्यमार्गी दुई नेता पूर्णबहादुर खड्का र डा शेखर कोइरालाले महाधिवेशन रोक्न माग गरेका छन् । सानेपामा देउवा पक्षका नेताहरू पुग्नु अघि नै विज्ञप्ति जारी गर्दै खड्का र कोइरालाले महाधिवेशन तत्काल रोक्न माग गरेका हुन् ।

खड्काले भोलिबाट शुरु हुन लागेको भनिएको अधिवेशन तत्काल रोक्न र देउवासँग संवाद बढाउन सभापति गगन थापालाई आग्रह गरे । 'असोज ३ गतेदेखि प्रारम्भ गर्ने गरि घोषणा गरेको १५ औ अधिवेशनको कार्यतालिका ...

क्रमशः पृष्ठ २ मा

बालेन आएपछि पनि रोकिएन भ्रष्टाचार

# अख्तियारमा ४० हजार उजुरी



राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रपति भवन शीतल निवासमा बिहीबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राइले आयोगको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन पेस गर्दै । *तस्बिर: राष्ट्रपति कार्यालय*



“ धेरै उजुरी परेका स्थानीय तहको सूचीमा काठमाडौंपछि पोखरा महानगर, धनुषाको विदेह नगरपालिका, पर्साको छिपहरमाई गाउँपालिका र धनुषाको जनकपुर उपमहानगरपालिका रहेका छन्

- एक वर्षमा अख्तियारमा ४० हजारभन्दा बढी उजुरी
- हजार १९ उजुरी फर्स्योट हुन बाँकी
- स्थानीय तहविरूद्ध २० हजार उजुरी
- काठमाडौं महानगरविरूद्ध सबैभन्दा धेरै उजुरी
- भूमि मन्त्रालयविरूद्ध ३ हजारभन्दा बढी उजुरी
- मधेस प्रदेशविरूद्ध अन्य प्रदेशमा भन्दा सर्वाधिक उजुरी
- अख्तियारले १७५ भ्रष्टाचार मुद्दा दायर गऱ्यो
- मुद्दामा ५ अर्बभन्दा बढी बिगो दाबी

■ **जेबी योञ्जन**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राजस्व चुहावटसम्बन्धी मुद्दामा सरकारी साक्षी बनाइएका रसुवा कन्स्ट्रक्सनका सञ्चालक राजेन्द्रराज आचार्यविरुद्ध नै आरोपपत्र दायर गरेको छ । अनुसन्धानका क्रममा आयोगलाई सहयोग गरेका आचार्यले विशेष अदालतमा प्रतिकूल बकपत्र गरेको र थप अनुसन्धानबाट उनी आफैं कसुरमा संलग्न रहेको देखिएको आयोगको दाबी छ ।

आयोगले बिहीबार आचार्यविरुद्ध ९ लाख ५३ हजार ४९६ रूपैयाँ ९० पैसा बिगो कायम गरी मुख्य कसुरदारसरह सजायको माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । सागरनाथ वन विकास परियोजनाको नदीजन्य पदार्थको रोयल्टी नतिरी राजस्व चुहावटमा सहयोग गरेको आरोप उनीमाथि लगाइएको छ ।

आयोगले सेवाग्राहीसँग ९ लाख रूपैयाँ घुस मागेको आरोपमा नापी अधिकृत डिल्लीबहादुर वलीलाई बिहीबार नै पक्राउ गरेको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानले नापी कार्यालय डिल्लीबजारअन्तर्गत ३ नम्बर नापी टोली, माछापोखरीका टोली प्रमुख वलीले छुट जग्गा दर्ताको सिफारिससहितको मिसिल भूमि प्रशासन कार्यालय, मनमैजुमा पठाउने काममा घुस मागेको आरोप छ ।

यी दुई घटनासँगै आयोगले आर्थिक वर्ष २०८२/८३ मा आफ्नो अनुसन्धान, अभियोजन र उजुरी फर्स्योटको समग्र विवरण सार्वजनिक गरेको छ । आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आफ्नो ३६औं वार्षिक प्रतिवेदन पेस गरेको हो । प्रतिवेदन पेस गरेपछि आयोगका प्रवक्ता सहसचिव न्यौपानेले पत्रकारहरूसँग प्रतिवेदनका मुख्य विवरण सार्वजनिक गरेका थिए । 'आयोगमा परेका मध्ये ८ हजार १९ वटा उजुरी फर्स्योट हुन बाँकी रहेको छ,' उनले भने ।

### वर्षमै साढे ४० हजार उजुरी

आयोगको ४६९ पृष्ठ लामो प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा आयोगमा ४० हजार ५४२ वटा उजुरी परेका छन् । तीमध्ये ३३ हजार ५१९ वटा उजुरी सोही आर्थिक वर्षमा दर्ता भएका हुन् । ७ हजार ३२३ वटा उजुरी भने अघिल्लो आर्थिक वर्षबाट सरेर आएका थिए । आयोगले प्राप्त उजुरीमध्ये ३२ हजार ८२३ वटा फर्स्योट गरेको जनाएको छ । यो कुल उजुरीको ८०.३७ प्रतिशत हो । बाँकी ८ हजार १९ वटा उजुरी आगामी आर्थिक वर्षका लागि सरेका छन् । आयोगका अनुसार वेबसाइट, इमेल, टेलिफोन, हुलाक, सामाजिक सञ्जाल तथा प्रत्यक्ष उपस्थित भएर उजुरी दिन सकिने व्यवस्था छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## विभागले २५ व्यवसायीसँग माग्यो पाँच वर्षको विवरण

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले मलेसिया रोजगारीमा एकाधिकार स्थापित गर्न प्रयासरत २५ व्यवसायीमाथि थप अनुसन्धानको प्रक्रिया अघि बढाएको छ । विभागले फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्लूसिएसएस)मा सुचिकृत २५ व्यवसायीलाई अनुसन्धानको प्रक्रिया अघि बढाएको हो ।

बुधबार पत्राचार गर्दै मागिएको विवरण १५ दिनभित्र उपलब्ध गराउन भनेको छ । विभागले वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४मा भएको व्यवस्थाको विरुद्ध एफडब्लूसिएसएसमा सूचिकृत भएको भन्दै २५ व्यवसायीसँग पछिल्लो पाँच आर्थिक वर्षको विवरण मागेको हो । व्यवसायीसँग १२ वटा शीर्षकमा विभिन्न विवरण मागेको छ ।

विभागले पहिलो बुँदामा संस्थाको संक्षिप्त विवरण दिन भनेको छ । साथै, आर्थिक वर्ष २०७८/७९देखि चालु आवको हालसम्म गन्तव्य मुलुकअनुसार पठाएका श्रमिक, रोजगारदाता र रोजगारीको विवरण माग गरिएको छ । त्यस्तै, पाँच आर्थिक वर्षमा मलेसिया पठाइएका श्रमिक, रोजगारदाता र रोजगारीको क्षेत्रको विवरण मागिएको छ ।

सुचिकृत व्यवसायीले वैदेशिक रोजगार व्यवसायबाट प्राप्त गरेको कुल आम्दानी तथा श्रमिकबाट लिएको सेवा शुल्क पनि बुझाउनपर्ने छ । संस्थाको प्रवर्धक, एजेन्ट, प्रशासनिक, कर्मचारी तथा कार्यालयको खर्च, विदेशी साझेदारसँग भएको प्राप्ति तथा भुक्तानी कारोवारको विवरण, वैदेशिक रोजगारी सम्बन्धि महत्वपूर्ण कारोवारको विवरण, राज्यलाई कर चुक्ता गरेको अवस्था, माग गरिएको आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन, शाखा, एजेन्ट तथा प्रतिनिधिको विवरण तथा उनीहरूसँग भएको कारोवार पनि विभागले मागेको छ ।

श्रमिक सम्बन्धी बाँकी दायित्व, फिर्ता रकम, क्षतिपूर्ति तथा विचाराधिन वित्तिय दाबीको विवरण र यस व्यवसायसँग सम्बन्धित अन्य महत्वपूर्ण व्यवसायीक तथा वित्तिय कारोवारको विवरण पनि विभागलाई बुझाउनपर्ने भएको छ ।

“ श्रमिक सम्बन्धी बाँकी दायित्व, फिर्ता रकम, क्षतिपूर्ति तथा विचाराधिन वित्तिय दाबीको विवरण र यस व्यवसायसँग सम्बन्धित अन्य महत्वपूर्ण व्यवसायीक तथा वित्तिय कारोवारको विवरण पनि विभागलाई बुझाउनपर्ने भएको छ

क्रमशः पृष्ठ २ मा

## महिला व्यवसायीले सिन्डिकेटधारीको ब्यानरमा खन्याए कालो मसी



**काठमाडौं(प्रस)–** मलेसिया रोजगारीमा एकाधिकार लगाउन खोज्नेविरुद्ध नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघ विरोधमा उत्रिएको छ । बिहीबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यलयमा २५ व्यवसायीको ब्यानरमा कालो मसी खन्याएर महिला व्यवसायीले विरोध गरेका हुन् ।

सहभागीले एकाधिकार लगाउन खोज्नेलाई जस्तोसुकै कारवाही गर्न पनि आफू तयार रहेको बताएका छन् । आफूमात्र व्यवसाय गरौं भन्ने समूहलाई जस्तोसुकै कारवाही गर्न पनि पछि नपर्ने महिला संघकी उपाध्यक्ष तारा रेग्मीले बताइन् । 'हामी महिला व्यवसायी कुनै पनि कार्यक्रमबाट पछि हट्दैनौं ।

क्रमशः पृष्ठ २ मा


**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत**

* जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
* बाढी, पहिरो, डुवान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
* वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
* नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
* वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
* जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
* प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
* जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।
* जलवायु परिवर्तनको असरबारे सचेत बनौं, जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लोककल्याणकारी विज्ञापनको रकम घटाउने कार्यविधि खारेज गर्न सांसद राईको माग



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा सदस्य आर्यन राईले लोककल्याणकारी विज्ञापनको रकम घटाउने कार्यविधि तत्काल खारेज गर्न सरकारसमक्ष माग गरेका छन् । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा बोल्दै सांसद राईले उक्त माग राखेका हुन् । 'लोककल्याणकारी विज्ञापनलाई कटौती गर्ने संशोधित कार्यविधि तत्काल खारेज गरियोस् । रकम घटाउने होइन समयानुकूल वृद्धि गरियोस्,' उनले भने ।

आव २०८३/८४ को बजेटमा विनियोजन भएको लोककल्याणकारी विज्ञापनको रकमलाई सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको कार्यविधिमार्फत घटाउने तथा नियन्त्रण गर्ने कार्य संसद्को अधिकार र सार्वभौमितामाथि अपमान भएकोसमेत उनले बताए । 'कहिले प्रधामन्त्रीको फेसबुकबाट, कहिले मन्त्रीको निर्णयबाट संसद्बाट पारित बजेटमाथि छेडखानी कति विधिसम्मत छ ?,' उनले सरकारसँग प्रश्न गर्दै भने ।

लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको हकका लागि अतुलनीय योगदान पुऱ्याएका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्नुको सट्टा सामाजिक सञ्जाललाई नै अन्तिम सत्य ठान्ने प्रवृत्तिको उनले विरोध गरे । सांसद राईले लोकतन्त्रका लागि संघर्ष ऐतिहासिक नेपाली छापा तथा सञ्चारमाध्यमको इतिहासबारे जानकारी नभए अध्ययन गर्नसमेत सरकारलाई आग्रह गरे । निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने सरकारको निर्णय सर्वोच्च अदालतले खारेज गरिसकेको सन्दर्भमा सरकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाउन तथा समान ढंगले वितरण गर्न उनले माग गरे ।

# चिलिमेमा फेला परेका पाँच कर्मचारीको शव परिवारलाई हस्तान्तरण

**रसुवा–** चिलिमे जलविद्युत् केन्द्रमा फसेका पाँच कर्मचारीको शव सम्बन्धित परिवारजनलाई बिहीबार हस्तान्तरण गरिएको छ। चिलिमे जलविद्युत् कम्पनीका प्रबन्ध निर्देशक बाबुराजा महर्जनले भोटेकोशी नदीमा बाढी आउँदा केन्द्रमा कार्यरत इञ्जिनियर सन्तोष पाण्डे, इलेक्ट्रिक सुपरभाइजर मीनराज मोक्तान, चौकीदारद्वय श्यामबहादुर थापामगर र तिलकबहादुर थापामगर तथा नेपाल विद्युत् प्राधिकरणका कर्मचारी लाक्पा तामाङको शव पहिचान भई परिवारजनलाई हस्तान्तरण गरिएको बताए ।

सो विद्युत् केन्द्रको सुरुङको बाहिरी भागदेखि करिब १५० मिटरभित्र रहेको 'कन्ट्रोल रुम' क्षेत्रमा बुधबार अपराह्न उनीहरूको शव फेला परेको थियो । प्रबन्ध निर्देशक महर्जनका अनुसार केन्द्रभित्र फेला परेका शव नेपाली सेनाका हेलिकप्टरमार्फत नुवाकोट लगेर हस्तान्तरण गरिएको हो । उद्धारका लागि नेपाली सेनाका बाहिनीपतिको कमाण्डमा भारतीय सेना, सशस्त्र प्रहरी बल र प्राधिकरणका कर्मचारी खटेको थियो ।

भोटेकोशी नदीको सतहबाट २० मिटर उचाइमा रहेको सुरुङभन्दा करिब ८५ मिटर माथिसम्म पुगेको बाढीले सुरुङ पुरिएको तथा ११ मेगावाट क्षमताका दुई वटा टर्बाइनसहित सम्पूर्ण संरचना ध्वस्त भएको प्रबन्ध निर्देशक महजर्नले जानकारी दिए ।

यसैगरी, रसुवाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले खोज तथा उद्धारसहित राहत वितरण कार्य जारी रहेको, क्षतिको विवरण संकलनका लागि एक महिनाको समय तोकी कार्यादेशसहित २५ सदस्यीय समिति गठन भइसकेको, नदीमाथि तुइन तथा फड्के निर्माण भई आवतजावतलाई सहज बनाएको र बाढीपछिको सम्भावित हैजा तथा विपद्जन्य महामारीलगायत रागको रोकथामका लागि आवश्यक औषधिसहित जनशक्तिको व्यवस्था गरेको बताए । *रासस*

# नौ लाख घुससहित नापी अधिकृत वली पक्राउ

**काठमाडौं (प्रस)–** नापी कार्यालय डिल्लीबजारका नापी अधिकृत डिल्लीबहादुर वली नौ लाख रूपैयाँ घुस लिएको रकमसहित पक्राउ परेका छन् ।

नापी कार्यालय डिल्लीबजार ३ नं. नापी टोली माछापोखरीका टोली प्रमुखसमेत रहेका नापी अधिकृत वलीलाई छुट जग्गा दर्ता सिफारिसको मिसिल कार्य अगाडि बढाउने बहानामा सेवाग्राहीसँग नौ लाख रूपैयाँ घुस लिइसकेको अवस्थामा बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएको जानकारी दिइएको छ ।

आयोगका अनुसार अधिकृत वलीले छुट जग्गा दर्ता सिफारिससहितको मिसिलपत्र भूमि प्रशासन कार्यालय मनमैजुमा पठाउनका लागि सेवाग्राहीलाई अनावश्यक सास्ती, दुःख र हैरानी दिँदै घुसरिसवत माग गरिरहेको भन्ने सूचना तथा उजुरी परेको थियो । उक्त सूचना र उजुरीका आधारमा खटिएको अख्तियारको टोलीले अनुगमन गर्दा वलीले नौ लाख रूपैयाँ घुस लिइसकेको अवस्थामा काठमाडौंको टोखा नगरपालिका-०५ स्थित बसुन्धरा चोकको एक रेस्टुरेण्टबाट बुधबार नियन्त्रणमा लिएको हो ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार पक्राउ परेका नापी अधिकृत वलीमाथि भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान अगाडि बढाउन बिहीबार विशेष अदालतको आदेशबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नः ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८३/०६/०२**

यस बैंकका निक्षेपकर्ता श्री बलदेव थारु को नाति, श्री राम प्रसाद थारु को छोरा, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका वडा नं. ०८ बस्ने वर्ष ७८ को **ठेक राज थारु** (ना.प्र.नं.३२४७७, रुपन्देहि जारी मिति २०३५/१२/३१, जारी जिल्ला रुपन्देही ) को मिति २०८३/०४/२९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा ज्ञान प्रसाद थारुले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा ज्ञान प्रसाद थारुको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७१/०९/२७ मा दर्ता भएको **प्रा. लि. नं. १३०८८९** को **दिती ग्रुप प्रा. लि.** को मिति २०८३/०६/०१ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नारायण प्रसाद रेग्मी (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ६१८, फोन नं. ९८५११९०७९४**

# जापानिज इन्सेफलाइटिसविरुद्ध खोप अभियान

**कैलाली–** कैलालीका दुई स्थानीय तहमा जापानिज इन्सेफलाइटिस (जेई) विरुद्धको खोप अभियान बिहीबारदेखि सुरु भएको छ । जिल्लामा जापानिज इन्सेफलाइटिसका बिरामी फेला परेपछि घोडाघोडी नगरपालिका र लम्कीचुहा नगरपालिकामा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य कार्यालय कैलालीका सूचना अधिकारी मिनबहादुर धामीले जानकारी दिए । उनका अनुसार धनगढी उपमहानगरपालिकामा असोज ८ गतेदेखि खोप अभियान सञ्चालन गरिने छ ।

कैलालीमा यस वर्ष जापानिज इन्सेफलाइटिसका आठ जना बिरामी फेला परेका छन्। तीमध्ये लम्कीचुहा नगरपालिकाका दुई, धनगढी उपमहानगरपालिकाका तीन र घोडाघोडी नगरपालिकाका तीन जना रहेका छन् । घोडाघोडीका तीन संक्रमितमध्ये दुई जनाको उपचारका क्रममा मृत्यु भइसकेको छ । जिल्लाका १३ स्थानीय तहमध्ये जेईका बिरामी फेला परेका घोडाघोडी, लम्कीचुहा र धनगढीमा खोप अभियान सञ्चालन गर्न लागिएको सूचना अधिकारी धामीले बताए ।

घोडाघोडी र लम्कीचुहामा बिहीबारदेखि अभियान सुरु भएको र धनगढीमा असोज ८ गतेदेखि सञ्चालन गरिने उनले जानकारी दिए । अन्य स्थानीय तहमा पनि चालु आर्थिक वर्षभित्र जापानिज इन्सेफलाइटिसविरुद्धको खोप अभियान सञ्चालन गरिने उनले बताए । यसैबीच, घोडाघोडी नगरपालिकामा नगरपालिकाका कर्मचारीलाई खोप लगाएर अभियानको उद्घाटन गरिएको छ । *रासस*

**साउदीमा रोजगार** कम्पनी : BYAT ALINMA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/०१ | LT. No. 348089 | चलानी नं. ६०२६१२९६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1. | Office and Facilities Cleaning Worker | 3 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059

**कतारमा रोजगार** कम्पनी : Ramaco Trading & Contracting

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०१ | LT. No. 343260 | चलानी नं. ६०२५६५९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 5 | 0 | 2000 | ८४,४६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plaster | 70 | 0 | 1200 | ५०,६८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०७०/०७१
**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

**कोशी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**यातायात व्यवस्था सेवा कार्यालय**
**इलाम, नेपाल**

**आशयपत्र पेश सम्बन्धी दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०२ गते**

यस कार्यालयबाट नँया तथा बर्ग थप समेतको सवारी चालक अनुमति पत्र जारी गर्नका लागि प्रयोगात्मक परीक्षा स्थल यस कार्यालयको स्वामित्व वा सरकारी ट्रायल सेन्टर नरहेको हुँदा हाललाई निजी क्षेत्र मापदण्ड पुगेका ट्रायल सेन्टरहरू बिच प्रचलित कानुन बमोजिम प्रतिस्पर्धा गराई छनौट गर्नु पर्ने भएकोले ट्रायल सेन्टरहरूको सवारी साधन सेवाग्राहीहरूले प्रयोग गर्ने र सो प्रयोग गरे बापत सेवाग्राहीबाटै के कति शुल्कमा उपलब्ध गराउन सकिन्छ सो को साना ठूला सवारीको लागि छुट्टा छुट्टै विवरण खुलाई कार्यालयलाई आर्थिक भार नपर्ने गरी उचित र उपयुक्त स्थानबाट लिने व्यवस्था गर्न इच्छुक सवारी चालक प्रशिक्षण केन्द्रलाई शिलबन्दी प्रस्ताव पेश गर्नका लागि तपसिल बमोजिमको विवरण सहित प्रमाण कागजात संलग्न गरी आशय पत्र पेश गर्न १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

१. कार्यालयको नाम :- यातायात व्यवस्था सेवा कार्यालय इलाम कोशी प्रदेश ।
२. प्रशिक्षण केन्द्र/स्थल-ईलाम न.पा वार्ड नं. ९ को मेची राजमार्गबाट पायक पर्ने स्थान ।
३. प्रशिक्षण केन्द्र भएको जग्गाको प्रकृति क्षेत्रफल एवम् मापदण्डहरू सवारी चालक प्रशिक्षण संचालन निर्देशिका २०७७ तथा सवारी चालक अनुमति पत्रको परीक्षा संचालन निर्देशिका २०६९ बमोजिम भएको हुनु पर्ने छ ।
४. प्रचलित कानुन बमोजिम ड्राइभिङ सेन्टर संचालन इजाजत पत्र प्राप्त भएको र अवधि समाप्त भएको भए नविकरण समेत भएको हुनु पर्ने ।
५. ट्रायल सेन्टर परिसरमा प्रयाप्त पार्किङ स्थल शुद्ध पिउने पानी प्रतिक्षालय एवम् महिला पुरुषको छुट्टा छुट्टै शौचालयको व्यवस्था हुन पर्ने ।
६. हलुका सवारी, मोटरसाइकल तथा स्कुटरको हकमा १० वर्ष भन्दा पुरानो सवारी साधन प्रयोगमन ल्याउन पाईने छैन ।
७. प्रयोगात्मक परीक्षास्थल तथा प्रयोग हुने सवारीको मर्मत सम्भार गर्नु परेमा सो को जिम्मेवारी सेवा प्रदायक (ड्राईभिङ सेन्टर) को हुनेछ ।
८. Full coverage cc camera, Electric Backup लगायतका अन्य आवश्यक ईलेक्ट्रोनिक सामाग्रीहरूको व्यवस्थापन भएको हुन पर्नेछ ।
९. ड्राईभिङ सेन्टर संचालन गर्ने प्रमाणपत्र, आयकर दर्ता प्रमाण, आ.व ०८२/८३ को कर चुक्ता प्रमाणपत्र, व्यवसायिक दर्ता र कालो सुचिमा नपरेको स्वघोषणापत्र सलग्न हुनपर्नेछ ।
१०. यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र आशय पत्र दर्ता गरिसक्नु पर्नेछ। सोहि दिनको २:०० बजे प्रस्ताव प्रस्तावकका प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहबरमा उक्त आशयपत्र खोलिने छ । उक्त दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट सोहि बमोजिम हुनेछ । म्यादभित्र प्राप्त आशयलाई मात्र मान्यता प्रदान गरिने छ ।
११. पेश भएका आशयपत्रहरू आंसिक वा पुर्ण रूपले स्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
१२. सूचना सम्वन्धी अन्य थप कुरा बुझ्न परेमा कार्यालयको सम्पर्क नं ०२७-५२४९९७ मा गरी बुझ्न सकिने छ ।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय सुकेधारा, काठमाण्डौ तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०६/०२ गते शुक्रबारको प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकका ऋणी नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग बिभाग घरेलु तथा साना उद्योग कायालर्य, काठमाण्डौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिती २०७२/०४/११ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व बिभाग , आन्तरिक राजस्व कार्यालय जोरपाटी काठमाण्डौबाट मिति २०७७/०६/०१ मा स्थायी लेखा नं (पान) दर्ता प्रमाणपत्र नं. ६१३६७२१११ भई करदाताको नाम आँचल कुमारी मेहेता, कारोबारको नाम पर्फेक्ट फिट टेलरिङ्ग भई स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र ६१३६७२१११ दर्ता भई काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ६ बौद्ध स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पर्फेक्ट फिट टेलरिङ्ग (प्रो. श्रीमती आँचल कुमारी मेहेता)**ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्तिबाट असुल उपर गर्नका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गर्दासमेत सम्पूर्ण कर्जा चुक्ता नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्तालाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाइँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौँ । बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

**तपसिल**

**जमानतकर्ताको विवरण :**

जमानतकर्ता : धुरेन्द्र प्रसाद कुश्वाहा (ना.प्र.नं. १००४/१९०, जारी मिति २०६६/०४/२२ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा) ।
ठेगाना : पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ५ (साविक भौराटार गा.वि.स. वडा नं. ७) ।
बाबु : मोहन महतो कोईरी । बाजे : अर्जुन महतो कोईरी ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

**Local Government**

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Invitation for Bid

**Date of Publication: 2083/06/02**

1. According to the Public Procurement Monitoring Office, Kathmandu ref. No. Sa.ni.pa.se.Kha. / 292 dated on 2083/05/31, The Electronic Procurement System (e-GP system) used for Public Procurement has been temporarily suspended due to the identification of security risks until the electronic Procurement System is restored, In accordance with Rule 49, Sub rule (2) of the public procurement Rule 2064, arrangements has been made for receiving Bids through physical Submissions. Accordingly as Specified in Section I – instructions to Bidders, "Sealing and marking", Bidders may submit bids by Hand / Courier or postal (Hulak). Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchok, Bagmati Province, Nepal invites open competitive biddings for eligible bidders for following Works under NCB Procedures. For more Information Please contact Indrawati Rural Municipality or Visit Municipality Official Web site.

| S. N. | Contract No. | Name of Work | Estimated Amount without VAT & Contingency (NRs.) | Cost of Bidding Document (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/GOODS/ NCB/083/ 084/02 | Supplying of Medical and Surgical Items | | 3,000.00 | 91,500.00 | (90+30 ) days from deadline for submission of Bids |

2. Date of Pre-bid meeting, Submission and Opening of Bids.

| Pre Bid Meeting | Last Date of purchasing of Bids | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for to Deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| Oct. 01, 2026(2083/06/15) at 13:00 hours at Office | Oct. 08, 2026(2083/05/22) within Office Hours | On or Before Oct. 09, 2026 (2083/06/23) 12:00 hours | On or Before Oct. 09, 2026 (2083/06/23) 13:00 hours | Name of the Bank: Nepal Investment Mega Bank Ltd. Office Code no. : 80327501300 Office Account no.(Dharauti): 17301400000055 |

3. If the Last date of Submission and Opening fails on a government holiday then the next working day shall considered at the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject wholly or partially any or all the procurement of works without assigning any reason, whatsoever. Other procurement process remains as per rule of PPPR, PPA and PPR.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# छानबिन प्रतिवेदनहरू निष्पक्ष सार्वजनिक गर

**सुशासन, पारदर्शिता र उच्च नैतिक जवाफदेहिताको नारा दिएर शक्तिमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीक नेतृत्वको सरकार यतिबेला प्रश्नैप्रश्नले घेरिएको छ । गत वर्ष भएको जेन–जी विद्रोहको अभूतपूर्व जनादेश र जनआकांक्षाको जगमा वालेन्द्र शाह बालेन नेतृत्वमा पुगेका थिए । यो सरकार पूर्वप्रतिबद्धता र पारदर्शीको विषयमा चुक्दै गएको छ । सुशासनका ठूला गफ छाट्ने तर सत्य–तथ्य समेटिएका छानबिन प्रतिवेदन दराजमा थन्क्याएर गोप्य राख्ने सरकारको शैली 'पुरानै सत्ताको नयाँ रूप' भन्न सुहाउने खालको छ ।**

**संसद्मा प्रमुख प्रतिपक्षी दलहरूले बारम्बार दबाब दिंदासमेत विभिन्न संवेदनशील घटना र भ्रष्टाचारसँग जोडिएका छानबिन प्रतिवेदन सार्वजनिक गर्न सरकार इच्छुक देखिदैन । जेन–जी विद्रोहका क्रममा भएका भदौ २३ र २४ का हिंसात्मक घटना, आगजनी र मानवअधिकार उल्लंघनका विषयमा गठित गौरीबहादुर कार्की नेतृत्वको आयोग र राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन पूर्ण रूपमा सार्वजनिक नगरिनु नागरिकको सुसूचित हुन पाउने अधिकारमाथिको प्रहार हो । न्याय न त सरकारको हुन्छ, न प्रतिपक्षकोह न्याय सधैँ नागरिकको पक्षमा हुनुपर्छ । तर, प्रतिवेदन लुकाएर राजनीतिक संरक्षण दिने मनसाय देखिनु सरकारको नियतमाथि प्रश्न उठ्नु हो ।**

**गृहमन्त्री सुधन गुरुङको शंकास्पद सेयर कारोबार र विवादित व्यवसायीसँगको सम्बन्धबारे पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी नेतृत्वको समितिले बुझाएको ४५ पानाको प्रतिवेदन होस् या अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मुछिएको बिवाइडी गाडी कर प्रकरणको प्रतिवेदनह सरकारले कुनै पनि दस्तावेज सार्वजनिक गरेको छैन । यो सुशासनको ठाडो उपहास हो ।**

**छानबिन आयोग र समितिहरू गठन गर्नुको मुख्य उद्देश्य कुनै पनि घटनाको सत्यतथ्य बाहिर ल्याउनु, दोषीलाई कारबाहीको दायरामा ल्याउनु र भविष्यका लागि नीतिगत सुधार गर्नु हो । मल्लिक, रायमाझी र लाल आयोगका प्रतिवेदन लुकाउने विगतका सत्ताधीशहरूको गलत परम्परालाई नै बालेन सरकारले पछ्याउनु सुखद संकेत होइन । सुनसरीको धार्मिक तनाव होस् या मुगुका गणेश नेपालीको आत्मदाह प्रकरण, घटना सामसुम पार्नका लागि प्रतिवेदन दबाउने परिपाटीले लोकतन्त्रलाई कमजोर बनाउँछ । 'उपयुक्त समयमा सार्वजनिक गरिनेछ' भन्ने फितलो तर्क दिएर यो सरकार पन्छिन मिल्दैन ।**

**जेन–जी विद्रोह कुनै निश्चित व्यक्तिलाई सत्ताको कूर्सीमा पुर्‍याउन मात्र भएको थिएनह त्यो त प्रणालीगत सुधार, पारदर्शिता र सुशासनका लागि भएको नागरिक आन्दोलन थियो । आफ्नै जग बनेको आन्दोलनका प्रतिवेदनहरू दबाएर बालेन सरकारले नागरिक विश्वासमाथि कुठाराघात गरिरहेको छ । सरकारले तत्काल आफ्ना गल्तीहरू सुधार गर्दै जेन–जी आयोग, मन्त्रीहरूमाथि लागेका आरोपका छानबिन प्रतिवेदन तथा अन्य सम्पूर्ण प्रतिवेदनहरू अविलम्ब सार्वजनिक गर्नुपर्छ ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# बदलिँदो विश्व व्यापारमा नेपालको रणनीति



❑ रिसव गौतम

आजको विश्वमा सामान्य काम गरेर असाधारण परिणाम प्राप्त गर्ने समय सकिँदै गएको छ । प्रविधिले प्रतिस्पर्धाको लागत घटाएको छ तर प्रतिस्पर्धाको तीव्रता बढाएको छ । एउटा सानो कम्पनीले पनि सामाजिक सञ्जालमार्फत विश्वबजारमा प्रवेश गर्न सक्छ तर त्यही विश्वबजारमा हजारौं कम्पनीसँग एकैसाथ प्रतिस्पर्धा पनि गर्नुपर्छ । डिजिटल पहुँच, एआई, हरित संक्रमण, भू-राजनीतिक विभाजन र आर्थिक अनिश्चितता आगामी वर्षका व्यावसायिक रणनीतिका मुख्य चालक बन्ने विश्व आर्थिक मञ्चको निष्कर्ष छ । त्यसैले अब व्यवसायको रणनीति बजारमा प्रतिस्पर्धीलाई हराउनेमात्र हुनुहुँदैन ।

व्यवसाय सानो होस् वा राष्ट्रिय सीमाभन्दा बाहिर फैलिएको बहुराष्ट्रिय कम्पनी होस् आजको विश्वमा सफल हुन केवल राम्रो वस्तु उत्पादन गरेर वा सेवा उपलब्ध गराएर मात्र पुग्दैन । बजार कुन दिशातर्फ गइरहेको छ ? उपभोक्ताको रुचि कसरी बदलिँदै छ ? प्रतिस्पर्धाले कस्तो अवस्था सिर्जना गर्दै छ ? प्रविधिले व्यवसायको स्वरूपलाई कसरी परिवर्तन गरिरहेको छ ? र, विश्व अर्थतन्त्रमा देखिएका राजनीतिक तथा भू-राजनीतिक उतारचढावले व्यवसायमा कस्तो असर पार्न सक्छ भन्नेजस्ता विषयको सूक्ष्म विश्लेषण गरेर अघि बढ्नुपर्ने अवस्था छ ।

एक समय व्यावसायिक रणनीति भन्नाले बजार, मूल्य, उत्पादन र प्रतिस्पर्धासँग सम्बन्धित योजना बुझिन्थ्यो । अहिले त्यसको अर्थ धेरै फराकिलो भइसकेको छ । कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल प्रविधि, ई-कमर्स, साइबर सुरक्षा, हरित अर्थतन्त्र, आपूर्ति शृंखला, जलवायु परिवर्तन, भू-राजनीतिक तनाव र व्यापारिक संरक्षणवाद व्यावसायिक रणनीतिकै हिस्सा बनिरहेका छन् ।

विश्व व्यापार संगठन (डब्ल्युटिओ) का अनुसार सन् २०२५ मा विश्व वस्तु व्यापारको मात्रा ४.६ प्रतिशतले बढ्यो भने सेवाको व्यापार ५.३ प्रतिशतले विस्तार भयो । विश्व वस्तु तथा सेवा व्यापारको मूल्य करिब ३४.६५ ट्रिलियन अमेरिकी डलर पुगेको छ । तर २०२६ मा व्यापार वृद्धिको गति केही सुस्त हुने प्रक्षेपण गरिएका छन् । मध्यपूर्वको लम्बिएको द्वन्द्व, ऊर्जा मूल्य, व्यापारिक अनिश्चितता र आपूर्ति शृंखलामाथिको निरन्तरको दबाबले विश्व व्यापारलाई प्रभावित गरिरहेको छ । अर्कोतर्फ, एआईसँग सम्बन्धित वस्तुको मागले भने विश्व व्यापारलाई नयाँ गति दिइरहेको छ । यसको अर्थ स्पष्ट छ, अब विश्वबजार स्थिर छैन । आज सफल देखिएको व्यावसायिक मोडल भोलि नै अप्रासंगिक हुन सक्छ । त्यसैले रणनीति पनि स्थिर दस्तावेज होइन, निरन्तर परिमार्जन गरिरहनुपर्ने व्यवस्थापनको निरन्तर प्रक्रिया हो ।

## बदलिँदो व्यावसायिक रणनीति

विश्व आर्थिक मञ्चको 'फचुचर अफ जब्स रिपोर्ट २०२५' ले सन् २०३० सम्म विश्वमा १७ करोड नयाँ रोजगारी सिर्जना हुने तर नौ करोड २० लाख रोजगारी विस्थापित हुनसक्ने प्रक्षेपण गरेको छ । अर्थात् एआईको बढ्दो दबदबा, स्वचालन र बदलिँदो आर्थिक संरचनाले करिब २२ प्रतिशत रोजगारीलाई कुनै न कुनै रूपमा प्रभावित गर्ने छ ।

त्यसैगरी, करिब ४० प्रतिशत सीप परिवर्तन हुने र ६३ प्रतिशत रोजगारदाताले सीप अभावलाई व्यवसाय रूपान्तरणको प्रमुख अवरोधका रूपमा लिएको रिपोर्टले देखाएको छ । अझ महत्त्वपूर्ण कुरा के छ भने ८६ प्रतिशत रोजगारदाताले सन् २०३० सम्म एआई र सूचना प्रशोधन प्रविधिले व्यवसायलाई रूपान्तरण गर्ने अपेक्षा गरेका छन् । करिब आधा कम्पनीले एआईका कारण नयाँ अवसर खोज्न आफ्नो व्यवसायको दिशा परिवर्तन गर्ने योजना बनाएका छन् ।

यस अवस्थामा नेपाली व्यवसायीले पनि पुरानै ढाँचाको व्यावसायिक सोचबाट अघि बढेर हुँदैन । ग्राहक पसलमा आउला र सामान किन्ला भन्ने मानसिकताबाट अब ग्राहकले संसारको जुनसुकै कुनाबाट वस्तु तथा सेवा प्राप्त गर्न सक्छ भन्ने वास्तविकतालाई स्वीकार गर्नुपर्ने हुन्छ । मोबाइल फोनको एउटा स्क्रिनले आज काठमाडौंको उपभोक्तालाई दिल्ली, दुबई, बैंकक, ग्वाङ्झाउ वा न्युयोर्कका उत्पादनसँग एउटै क्षणमा जोडिदिन्छ । यस्तो बजारमा नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न मूल्यमात्र होइन, गुणस्तर, ब्राण्ड, डिजाइन, वितरण, ग्राहक अनुभव र विश्वासमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । त्यसैले रणनीति अब केवल 'के बेच्ने ?' भन्ने प्रश्न होइन, 'कसलाई बेच्ने, कहाँ बेच्ने, कसरी बेच्ने, किन ग्राहकले हामीबाटै किन्ने र भोलि बजार बदलिँदा हामी कसरी बदलिने ?' भन्ने प्रश्नको समग्र उत्तर हो ।

## खुला बजारमा प्रतिस्पर्धामा सूचनाको शक्ति

प्रतिस्पर्धात्मक बजारमा आफूले के गर्दै छु भन्ने कुरा अरुलाई थाहा नदिनु रणनीतिक व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो तर आधुनिक व्यवसायमा 'व्यावसायिक जासुसी'को स्वरूप पनि बदलिएको छ । पहिले प्रतिस्पर्धीको कार्यालय, कर्मचारी वा कागजी सूचना खोजिन्थ्यो भने अहिले डिजिटल प्रणाली, साइबर आक्रमण, डेटा चोरी, सामाजिक सञ्जाल र बजार विश्लेषणमार्फत प्रतिस्पर्धीको रणनीति बुझ्ने प्रयास हुनसक्छ । यसको अर्थ व्यावसायिक गोपनीयता अब फाइलमा राखिएको कागज जोगाउनुमात्र होइन । ग्राहकको डेटा, सफ्टवेयर, आपूर्ति शृंखला, उत्पादनको डिजाइन, मूल्य निर्धारण प्रणाली, डिजिटल पासवर्डदेखि कम्पनीको भविष्यको व्यावसायिक योजनासम्म सुरक्षित राख्नु पनि रणनीतिक व्यवस्थापन हो ।

विशेषतः नेपालजस्तो सानो र सीमित बजारमा एउटै दक्ष कर्मचारीले अर्को कम्पनीमा प्रवेश गर्दा ज्ञान, ग्राहक सम्बन्ध र बजारको अनुभवसमेत सँगै लैजान सक्छ । त्यसैले मानव संसाधन व्यवस्थापन पनि अब व्यावसायिक रणनीतिको महत्त्वपूर्ण हिस्सा बन्नुपर्छ । नेपालको सबैभन्दा ठूलो समस्या बजारको अभावमात्र पनि होइन । बजारलाई रणनीतिकरूपमा उपयोग गर्न नसक्नु समस्या हो ।

नेपाल राष्ट्र बैंकका अनुसार आव २०८२/८३ मा विप्रेषण आप्रवाह २३ खर्ब ६३ अर्ब रूपैयाँ पुगेको छ, जुन कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब ३५.८ प्रतिशत बराबर हो । तर यति ठूलो बाहृय आम्दानी भएको अर्थतन्त्रमा उत्पादन र निर्यातको आधार निकै कमजोर छ । अझ व्यापारतर्फ हेर्ने हो भने समस्या झनै डरलाग्दो छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार आव २०८२/८३ मा नेपालको कूल निर्यात व्यापार तीन खर्ब १५ अर्ब २९ करोड रूपैयाँ र कूल आयात व्यापार २० खर्ब ९६ अर्ब ३७ करोड रूपैयाँ रहेको छ । सो अवधिमा कूल व्यापार घाटामात्रै १७ खर्ब ८१ अर्ब आठ करोड रूपैयाँ पुगेको थियो ।

यो तथ्यांकले नेपालको अर्थतन्त्रले उत्पादन गरेर विश्वबजार जित्ने रणनीति बनाइरहेको छ कि उपभोगका लागि बाहृयबजारमा निर्भर हुने संरचनामात्रै विकास गरिरहेको छ भन्ने प्रश्न जन्माएको छ । यद्यपि कोरोना महामारीपछि नेपालको निर्यात व्यापारले केही गति लिन थालेको छ । निर्यात बढ्नु सकारात्मक हो तर निर्यातको ठूलो हिस्सा सीमित वस्तु, सीमित बजार र कतिपय अवस्थामा पुनःप्रशोधन तथा पुनःनिर्यातमा आधारित हुनु दीर्घकालीन समाधान होइन । विश्व बैंकले पनि नेपालका प्राथमिक निर्यात वस्तुको प्रदर्शन कमजोर रहेको र कमजोर पूर्वाधार, कठिन व्यावसायिक वातावरण तथा शुल्क संरचनाले निर्यात विस्तारमा अवरोध गरिरहेको औंल्याएको छ । यसैले अब नेपालले 'निर्यात बढाउने' सामान्य नारामात्र होइन, कुन वस्तुमा प्रतिस्पर्धात्मक लाभ हासिल गर्ने, कुन देशको बजार प्रवेश गर्ने र कसरी विश्व आपूर्ति शृंखलामा जोडिने भन्ने स्पष्ट रणनीति बनाउनुपर्छ ।

## व्यापारमा चीनबाट सिक्नुपर्ने पाठ

चीनको आर्थिक रूपान्तरणलाई केबल सस्तो उत्पादनको परिणामका रूपमा बुझ्नु अपूर्ण हुन्छ । चीनले दशकौंसम्म पूर्वाधार, औद्योगिक क्षमता, निर्यात, प्रविधि, मानव पुँजी र विश्वबजारसँगको सम्बन्धलाई एउटै दीर्घकालीन रणनीतिको हिस्सा बनाएर अघि बढायो । सन् २०२५ मा चीनको निर्यात करिब ५.५ प्रतिशतले बढेको राष्ट्रसंघीय व्यापार तथा विकाससम्बन्धी तथ्यांकले देखाउँछ ।

विश्व व्यापारमा चीनको प्रभाव उत्पादनको ठूलो परिमाणसँगै आपूर्ति शृंखला, प्रविधि र विश्वबजारमा स्थापित व्यापारिक सम्बन्धका कारण पनि बनेको हो । चीनको सफलताको महत्त्वपूर्ण पक्ष भनेको केबल आफ्नो घरेलु बजारका लागि उत्पादन नगरी संसारको कुन बजारमा कस्तो उत्पादन आवश्यक छ ? त्यहाँका उपभोक्ताको क्रयशक्ति कति छ ? कुन वस्तुको माग बढ्दै छ र कुन प्रविधि भविष्यमा महत्त्वपूर्ण हुने छ ? भन्ने कुरालाई आधार बनाएर उत्पादन तथा निर्यात संरचना चीनले विकास गर्‍यो ।

नेपालका लागि यसको अर्थ चीनको नक्कल गर्नु होइन । नेपालको आफ्नै भौगोलिक, जनसांख्यिक, प्राकृतिक र आर्थिक विशेषता छन् तर चीनको रणनीतिक सोचबाट सिक्न सकिन्छ । नेपालले जलविद्युत्, पर्यटन, जडीबुटी, कृषि, सूचना प्रविधि, डिजिटल सेवा, हस्तकला, खाद्य प्रशोधन, उच्च मूल्यका कृषि उत्पादन तथा हरित अर्थतन्त्रमा आफ्नो विशिष्ट क्षमता पहिचान गरेर अन्तरराष्ट्रिय बजारसँग जोड्न सक्छ ।

नेपालमा विकासका ठूला आयोजना वर्षौंदेखि चर्चामा छन् । आयोजना घोषणा हुन्छन्, अध्ययन हुन्छ, राजनीतिक बहस हुन्छ, बजेट छुटयाइन्छ, तर निर्माणको गति अपेक्षित हुँदैन । यसले विकासको अर्को महत्त्वपूर्ण पक्ष उजागर गर्छ रणनीति भनेको आयोजना घोषणा गर्नुमात्र होइन, परिणाम हासिल गर्ने संस्थागत क्षमता विकास गर्नु पनि हो ।

विश्व बैंकले २०२६ मा प्रकाशित नेपाल विकास अपडेटमा नेपालको निजी क्षेत्र विकासमा संरचनागत अवरोध रहेको, निजी लगानी कमजोर रहेको र पूर्वाधार निर्माणमा ढिलाइले आर्थिक गतिविधिलाई प्रभावित गरेको उल्लेख छ ।

यद्यपि जलविद्युत्मा भएको प्रगति आशाको महत्त्वपूर्ण आधार हो । आव २०८२/८३ को पहिलो अर्धवार्षिक अवधिमै करिब ३८५ मेगावाट नयाँ जलविद्युत् क्षमता राष्ट्रिय ग्रिडमा थपिएको विश्व बैंकले जनाएको छ । आगामी वर्षमा पनि जलविद्युत् विस्तार नेपालको औद्योगिक गतिविधिको महत्त्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ तर हालै रसुवामा आएको भोटेकोशी नदीमा आएको बाढीले जलविद्युत् क्षेत्रमा तीन खर्बभन्दा बढी क्षति भएको सरकारी अनुमान छ । फलस्वरूप ९०० मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन प्रभावित बनेको छ । फलस्वरूप भारत तथा बंगलादेश निर्यात हुँदै आएको विद्युत् सेवासमेत प्रभावित छ तर रसुवामा जडित विद्युत् कम्पनीहरू फेरि उठ्ने र उत्पादनमा सक्षम हुने पक्का छ ।

नेपालले अब विकासलाई 'छरिएका आयोजना'का रूपमा होइन, राष्ट्रिय व्यावसायिक रणनीतिका रूपमा हेर्नुपर्छ । पहिलो, नेपालले केही निश्चित क्षेत्रमा आफ्नो प्रतिस्पर्धात्मक क्षमता पहिचान गर्नुपर्छ । सबै वस्तु उत्पादन गरेर सबै बजारमा बेच्ने रणनीति कुनै सानो अर्थतन्त्रका लागि सम्भव हुँदैन । सीमित स्रोतलाई उच्च सम्भावना भएका क्षेत्रमा केन्द्रित गर्नुपर्छ । दोस्रो, निजी क्षेत्रलाई केबल कर तिर्ने संस्थाका रूपमा होइन, आर्थिक वृद्धिको प्रमुख साझेदारका रूपमा हेर्नुपर्छ । विश्व बैंकले पनि निजी क्षेत्र नेतृत्वको वृद्धि, व्यावसायिक वातावरण सुधार, आधारभूत पूर्वाधार विकास र निजी वित्त परिचालनलाई नेपालको आर्थिक लचकता तथा रोजगारी सिर्जनाका लागि महत्त्वपूर्ण मानेको छ ।

तेस्रो, नेपाली उत्पादनलाई 'नेपालमा बनेको' भन्ने पहिचानबाट विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने ब्राण्डमा रूपान्तरण गर्नुपर्छ । सगरमाथा, लुम्बिनी, हिमालय, जैविक विविधता वा नेपाली मौलिक संस्कृतिलाई केबल पर्यटनको प्रचारमा सीमित नराखी ब्राण्डिङको हिस्सा बनाउन सकिन्छ । चौथो, एआई र डिजिटल प्रविधिलाई नेपालले जोखिमका रूपमामात्र होइन, अवसरका रूपमा हेर्नुपर्छ । संसारभर एआईसँग सम्बन्धित वस्तु तथा सेवाले व्यापारको नयाँ क्षेत्र निर्माण गरिरहेका अवस्थामा नेपालले सफ्टवेयर, डिजिटल सेवा, फिनटेक, आउटसोर्सिङ, डेटा सेवा, रचनात्मक उद्योग तथा ज्ञानमा आधारित सेवाको निर्याततर्फ रणनीतिक ध्यान दिन सक्छ ।

विश्व व्यापारमा सन् २०२५ मा एआईसँग सम्बन्धित वस्तुको तीव्र मागले समग्र व्यापार वृद्धिमा ठूलो योगदान दिएको डब्ल्युटिओको तथ्यांकले देखाउँछ । पाँचौं, रणनीति बनाउनेमात्र होइन, त्यसको कार्यान्वयन नाप्ने प्रणाली विकास गर्नुपर्छ । कति आयोजना सुरु भए भन्ने होइन । कति सम्पन्न भए ? कति रोजगारी सिर्जना भयो ? कति विदेशी मुद्रा आर्जन भयो ? कति निजी लगानी आयो र उत्पादनशीलता कति बढ्यो भन्ने आधारमा सफलताको मूल्यांकन गर्नुपर्छ ।

## असाधारण व्यावसायिक प्रतिस्पर्धा र नेपाल

आजको विश्वमा सामान्य काम गरेर असाधारण परिणाम प्राप्त गर्ने समय सकिँदै गएको छ । प्रविधिले प्रतिस्पर्धाको लागत घटाएको छ तर प्रतिस्पर्धाको तीव्रता बढाएको छ । एउटा सानो कम्पनीले पनि सामाजिक सञ्जालमार्फत विश्वबजारमा प्रवेश गर्न सक्छ तर त्यही विश्वबजारमा हजारौं कम्पनीसँग एकैसाथ प्रतिस्पर्धा पनि गर्नुपर्छ । डिजिटल पहुँच, एआई, हरित संक्रमण, भू-राजनीतिक विभाजन र आर्थिक अनिश्चितता आगामी वर्षका व्यावसायिक रणनीतिका मुख्य चालक बन्ने विश्व आर्थिक मञ्चको निष्कर्ष छ । त्यसैले अब व्यवसायको रणनीति बजारमा प्रतिस्पर्धीलाई हराउनेमात्र हुनुहुँदैन ।

बदलिँदो विश्वसँग आफूलाई पनि बदल्ने क्षमता विकास गर्नु रणनीतिक सफलताको पहिलो सर्त बन्न पुगेको छ । नेपालका लागि यो झन् महत्त्वपूर्ण छ । हाम्रो अर्थतन्त्रको आकार सानो छ, आन्तरिक बजार सीमित छ र बाहृय निर्भरता उच्च छ । तर हामीसँग स्पष्ट प्राथमिकता, दीर्घकालीन दृष्टि र कार्यान्वयन गर्ने संस्थागत क्षमता भयो भने यही कमजोरीलाई अवसरमा बदल्न सकिन्छ । विकास भनेको केबल सडक, पुल, विमानस्थल वा जलविद्युत् आयोजना निर्माण गर्नु मात्र होइन । विकास भनेको त्यस्ता संरचना निर्माण गर्नु हो, जसले उत्पादन बढाउँछ, निजी लगानी आकर्षित गर्छ, रोजगारी सिर्जना गर्छ, निर्यात बढाउँछ र मुलुकलाई विश्व अर्थतन्त्रमा प्रतिस्पर्धी बनाउँछ । त्यसैले अब नेपालले विकासको गतिमात्र होइन, विकासको दिशा पनि बदल्नुपर्छ । *रासस*




*एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

# जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणपत्र जारी, जलवायु न्यायको माग



**मुस्ताङ-** 'हिमालको आवाज, स्थानीय तह तहको संकल्प र जलवायु न्याायको साझा प्रतिबद्धता, स्थानीय तहको जिम्मेवारीः जलवायु न्यायका लागि साझेदारी' मूल नारासहित बुधबार मुस्ताङको घरपझोङ गाउँपालिकाले घरपझोङ जलवायु परिवर्तनसम्बन्धी 'घरपझोङ घोषणापत्र' जारी गरेको छ ।

घरपझोङ गाउँपालिका कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष मोहनसिंह लालचनले जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र-२०८३ जारी गरेका हुन् । मंगलबारदेखि सुरु भएको दुईदिने घरपझोङ जलवायु परिवर्तन सम्मेलन बुधबार समापन भएपछि गाउँपालिका कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै ४९ बुँदे जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र जारी गरेको हो । घोषणापत्रमा जलवायु न्यायको मागलाई मूल मुद्दाको रूपमा अघि सारिएको छ ।

मुस्ताङमा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को घोषणपत्रले हाम्रा साझा दृष्टिकोणतर्फ जलवायु संकटलाई विकासका रूपमा स्वीकार गर्ने, जलवायु न्यायको मागलाई मूल मुद्दा बनाउने, हिमालको संरक्षणलाई विश्वव्यापी प्राथमिकता बनाउन माग गर्ने, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता बुँदामा जलवायु जोखिमको पहिचान र नक्सांकन गर्नुपर्ने, जलवायु जोखिम न्यूनीकरण गर्न पूर्वसूचना र पूर्वकार्यमा जोड दिइनुपर्ने, जलवायु उत्थानशीलता पूर्वाधार निर्माणमा जोड दिनुपर्ने र जोखिममा आधारित भू-उपयोग तथा सुरक्षित बस्ती विकासमा जोड दिइनुपर्ने उल्लेख छ ।

